स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.नं.: ३६४/२०७७/७८

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु

मिति : २०७७/१०/२१

**बिषयः तालिम कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि सहकारी अभियानको शीर्षस्थ निकाय यस राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु निरन्तर संचालन गर्दै आईरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा सहकारी सघं/संस्थाहरुको माग र आवश्यकताका आधारमा सहकारी सघं/संस्थाका संचालक समितिका पदाधिकारीहरु, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा देहाएका तालिमहरु अनुभवी बिषय बिज्ञद्वारा सहजीकरण हुने गरी भौतिक तथा अभौतिक (भर्चुअल) रुपमा संचालन हुन गइरहेकोले यसै पत्रसाथ संलग्न रजिष्ट्रेसन फारम भरी समयमै सुनिश्चित गर्न हुन हार्दिक अनुरोध छ ।

| क. सं | तालिमका शीर्षक | संचालन मिति | समय | माध्यम | शुल्क (प्रति सहभागी, VAT वाहेक) | लक्षित समुह |
|---|---|---|---|---|---|---|
| १. | **संचालक क्षमता अभिवृद्धि तालिम** | २०७७ फाल्गुन ४ देखि ६ | १०:३०- ४:३० | कक्षागत (भौतिक रुपमा) | रु ५०००।– | संचालक समितिका पदाधिकारीहरु |
| २. | **संचालक क्षमता अभिवृद्धि तालिम** | २०७७ फाल्गुन १० देखि १२ | १०:३० - २:३० | अनलाईन (भर्चुअल) | रु ३०००।– | |
| ३. | **व्यवस्थापक क्षमता अभिवृद्धि तालिम** | २०७७ फाल्गुन २४ देखि २६ | १०:३०- ४:३० | कक्षागत (भौतिक रुपमा) | रु ५०००।– | कार्यकारी अधिकृत वा व्यवस्थापक |

**पूनश्चः**

- पहिलो सहभागी हुने लाई पहिलो प्राथमिकता दिई रजिष्ट्रेशन गराइने छ ।
- रजिष्ट्रेशन शुल्क वापतको रकम राष्ट्रिय सहकारी महासंघ लि. को नाम रहेको राष्ट्रिय सहकारी बैकको खाता नं. १३०००१४ बानेश्वर शाखामा र राष्ट्रिय वाणिज्य बैकको पुल्चोक शाखाको खाता नं. ११४०१००००२४०१००१ जम्मा गरी बैंक भौचर र रजिष्ट्रेसन फारम trainingncf@gmail.com इमेल मार्फत पठाउन सकिने छ ।
- रजिष्ट्रेसन फारम www.ncfnepal.com.np बाट Download गर्न सक्नु हुने छ ।
- बैंक भौचरको प्रतिलिपि र रजिष्ट्रेसन फारम इमेल मार्फत प्राप्त भए पश्चात मात्र ZOOM ID प्रदान गरीने छ ।

**बिस्तृत जानकारीका लागि**
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पूल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ९८६०९८००२२,
सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu